विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०२/१३ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | आगामी आ.व.२०८२/०८३ को बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धमा। | आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, बजेटको कुल सीमा, आय-व्ययको अनुमानित विवरण र विषय क्षेत्रगत एवम् वडागत बजेट सीमा **अनुसूची-१** मा संलग्न अनुसार सर्वसम्मतिले स्वीकृत गरियो। |
| २ | विविध। | (क) आर्थिक तथा सामाजिक रुपले कमजोर, विपन्न एकल महिलाहरूलाई सहायता/संहयोग तथा सुरक्षा उपलब्ध गराउन एवम् सशक्तिकरणका लागि आवश्यक मापदण्ड तय गर्न विषयगत समिति र विधेयक समितिको सिफारिस सहित पेश भएको **एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०८२** नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) एवम् विराटनगर महानगरपालिकाको एकल महिला सुरक्षा कोष (सञ्चालन) ऐन, २०८१ को दफा ८(ग) बमोजिम सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(ख) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम तथा बजेट (नगर सभाको पन्ध्रौं अधिवेशनबाट संशोधित समेत) मा उपप्रमुखहरूको राष्ट्रिय भेला (कोशी प्रदेशभित्रका उपाध्यक्षहरू समेतगरी) शीर्षकमा जम्मा रु.२८,००,०००।- रकम विनियोजन भएको र प्रदेश सरकारबाट हस्तान्तरित सशर्त तथा समपूरक अनुदान अन्तर्गत विराटनगर महानगरपालिकाको साझेदारीमा नेतृत्व तहका महिला जनप्रतिनिधिहरूसँग अनुभव आदानप्रदान कार्यशाला शीर्षकमा रु.१०,००,०००।- रकम विनियोजन भएकोले उल्लिखित बजेटबाट उपप्रमुख/उपाध्यक्ष राष्ट्रिय भेला कार्यक्रम आयोजना गर्नका लागि कार्यालयबाट पेस भएको प्रस्ताव एवम् रु.४१,५०,५००।- बराबरको लागत अनुमान सर्वसम्मतिले स्वीकृत गरियो र सोका लागि अपुग रकम रु.३,५०,५००।- आगामी नगर सभाबाट अनुमोदन हुनेगरी कानून तथा न्यायिक समिति अन्तर्गत अवलोकन तथा भ्रमण शीर्षकमा विनियोजित रकमबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०६/२२ मा बसेको बैठक (बैठक संख्या २, २०८१/०८२) बाट नगर कार्यपालिकाको मिति २०८०/०२/२५ (बैठक संख्या १६, २०७९/०८०) को निर्णयले विराटनगर महानगरपालिका वडा नं. ६ मा खानेपानी फिल्टर ट्रिटमेन्ट प्लान्ट निर्माणका लागि नेपाल खानेपानी संस्थानलाई सहमति प्रदान गरिएको जग्गाको ग्रिड सिट नं. र कित्ता नं. सच्याई कित्ता नं. १३६ र १३७ कायम गरिएकोमा उक्त कि.नं. १३७ को जग्गाको सम्बन्धमा सम्मानित उच्च अदालत विराटनगरबाट सो जग्गामा क्षति पुग्ने कुनै काम नगर्नु/नगराउनु भनी अन्तरिम आदेश जारी भएकोले हाललाई उल्लिखित बमोजिमको ग्रिड सिट नं. १७८-०७४३-०१ को कि.नं. १३७ बाहेक कि.नं. १३६ को जग्गामा मात्रै निर्माण कार्य गर्नेगरी संस्थानलाई सहमति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि
अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (घ) सम्वत् २०८२ साल असार ३ गतेदेखि ५ गतेसम्म (17-19 June, 2025) इजरायलमा आयोजना हुने MuniWorld अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी समेत हुनेगरी सम्वत् २०८२ साल जेठ १० गतेदेखि असार ६ गतेसम्म (10-20 June, 2025) शहरी केन्द्रहरूमा दीगोपना र खाद्य सुरक्षा प्रवर्द्धन सम्बन्धी अध्ययन अवलोकन भ्रमणका लागि विराटनगर महानगरपालिकाका प्रमुखज्यूलाई इजरायली राजदूतावास, काठमाडौंबाट निमन्त्रणा प्राप्त भएकोले प्रमुखज्यूलाई उक्त भ्रमणमा जानका लागि सर्वसम्मतिले सहमति प्रदान गरियो।<br><br>(ङ) Japan International Cooperation Agency (JICA) को कार्यक्रम अन्तर्गत उक्त संस्थाको आयोजनामा सन् २०२५ जुन ०७ देखि २१ सम्म (भ्रमण अवधि समेतगरी) जापानमा सञ्चालन हुने "Flood Control Master Plan Toward Disaster Risk Reduction Investment" विषयक प्रशिक्षण कार्यक्रमका लागि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियर (सिभिल)/अधिकृतस्तर सातौं इ.अर्जुन थापा छनोट हुनुभएकोले निजलाई उल्लिखित प्रशिक्षण कार्यक्रममा सहभागी हुन जानका लागि सर्वसम्मतिले सहमति प्रदान गरियो।<br><br>(च) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम तथा बजेटमा स्थानीय प्रशासन तथा अन्य सरकारी निकायसँग सहकार्य कार्यक्रम शीर्षकमा रु.२०,००,०००।- रकम विनियोजन भएकोमा सो रकम अपुग भएकाले भैपरी आउने चालु खर्च शीर्षकमा विनियोजित रकमबाट रु.५,००,०००।- रकम उक्त शीर्षकमा रकमान्तर गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(छ) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम महानगरपालिका अन्तर्गतका रानी आधारभूत अस्पताल, बैजनाथपुर आधारभूत अस्पताल एवम् आधारभूत स्वास्थ्य केन्द्रहरूका लागि जेनेरेटर र इन्भर्टर ब्याट्री खरिदका लागि कार्यालयबाट मिति २०८१/१२/१७ मा सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरिएकोमा उल्लिखित कार्यक्रमका लागि विनियोजित बजेटको स्रोततर्फ प्रक्षेपण गरिएको आयको तुलनामा यथार्थ आय न्यून भएको हुँदा लक्ष्य अनुरुप आय आर्जन हुनसक्ने सम्भावना नदेखिएकाले हाललाई उक्त बोलपत्र रद्द गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिका को कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

<u>अनुमानित आय विवरण</u>

| सिन | शीर्षक | आ.व. २०८२/०८३ को अनुमानित आय (रु.) |
|---|---|---|
| १ | वित्तीय समानिकरण अनुदान | ३७९६३०००० |
| क | सङ्घीय सरकार | ३४३४००००० |
| ख | प्रदेश सरकार | ३६२३०००० |
| २ | बाँडफाँटवाट प्राप्त राजश्व | ११९२००३००० |
| क | मू.अ. कर | १५३९००००० |
| ख | अन्तशुल्क | ५१३००००० |
| ग | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ९४६००३००० |
| घ | सवारी साधन कर | ३०८०००००० |
| ङ | मनोरञ्जन तथा विज्ञापन कर | १०००००००० |
| ३ | आन्तरिक राजश्व | १४०००००००० |
| ४ | मौज्दात | १४००००००० |
| ५ | संघीय सरकार सशर्त, विशेष, समपुरक अनुदान | ८३३४००००० |
| क | संघीय सरकार शशर्त अनुदान चालु | ७३७९००००० |
| ख | संघीय सरकार शशर्त अनुदान पुजी | ८३५००००० |
| ग | संघीय सरकार समपुरक अनुदान | १२०००००० |
| ६ | प्रदेश सरकार सशर्त अनुदान | ४२३६७००० |
| क | प्रदेश सरकार शशर्त अनुदान चालु | ९८६७००० |
| ख | प्रदेश सरकार शशर्त अनुदान पुजी | ३२५००००० |
| ७ | सडक बोर्ड नेपाल | १५०००००० |
| ८ | युएनएफपिए | १६००००० |
| | कूल जम्मा | ४००४०००००० |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

अनुसूची-१

*(नगर कार्यपालिकाको मिति २०८२/०२/१३ मा बसेको बैठक (बैठक संख्या १०-२०८१/०८२) को निर्णय नं. १ सँग सम्बन्धित)*

**बजेट सीमा निर्धारण विवरण (अनुमानित व्यय)**

| सि.नं. | व्यय शीर्षक | आ.व. २०८२/०८३ का लागि बजेट सीमा (रु.) |
|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ६५०००००० |
| २ | ऋणको साँवा-ब्याज | ५०००००० |
| ३ | चालु आ.व. (२०८१/०८२) को भुक्तानी दिन बाँकी | ८०००००० |
| ४ | समपुरक कार्यक्रम | ५०००००० |
| ५ | वहुवर्षीय ठेक्का तथा गौरवका आयोजना एवम् दायित्व सारी आएका योजनाहरूको भुक्तानी | ७००००००० |
| ६ | मर्मत सम्भार | १०००००००० |
| | **अनिवार्य दायित्वको जम्मा** | **१६३००००००** |
| ७ | **वडा कार्यलयहरूका लागि बजेट सीमा** | **४३५६३२०००** |
| ८ | **विषयगत शाखा/महाशाखा बजेट सीमा** | **४०२९०००००** |
| ९. | **सामाजिक विकास** | **२५००००००** |
| क | शैक्षिक विकास कार्यक्रम | ८५०००००० |
| ख | स्वास्थ्य विकास कार्यक्रम | ७५०००००० |
| ग | महिला लक्षित कार्यक्रम | ७५००००० |
| घ | संघ-संस्था | ५०००००० |
| ङ | लक्षित वर्ग कार्यक्रम (आदिवासी जनजाति, दलित, मधेशी तथा यौनिक अल्पसंख्यक | ४०००००० |
| च | बालबालिका लक्षित कार्यक्रम | ५०००००० |
| छ | युवा विकास कार्यक्रम | २५००००० |
| ज | रोजगार प्रवर्द्धन कार्यक्रम | ३०००००० |
| झ | खेलकुद विकास कार्यक्रम | ९०००००० |
| ञ | जेष्ठ नागरिक | २०००००० |
| ट | अपाङ्गता क्षमता विकास कार्यक्रम | २५००००० |
| ठ | खानेपानी तथा सरसफाई | २०००००० |
| ड | सार्वजनिक नीजि साझेदारी | २५००००० |
| १०. | **आर्थिक विकास** | **२३९०००००** |
| क | कृषि विकास | ५५००००० |
| ख | पशुपक्षी तथा भेटनरी | ६५००००० |
| ग | सहकारी | २४००००० |
| घ | उधमशिल विकास | ३०००००० |
| ङ | उपभोत्ता हित संरक्षण | १०००००० |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| सि.नं. | व्यय शीर्षक | आ.व. २०८२/०८३ का लागि बजेट सीमा (रु.) |
|---|---|---|
| च | रोजगार प्रवर्द्धन कार्यक्रम | ३०००००० |
| च | पर्यटन प्रवद्धन, (प्रदशनी, मेला तथा महोत्सव समेत) | २५००००० |
| ११ | **वन वातावरण तथा विपद व्यवस्थापन** | **३१००००००** |
| क | विपद व्यवस्थापन | १२०००००० |
| ख | वन वातावरण तथा जैविक विविधता | ३०००००० |
| ग | सरसफाई कार्यक्रम | १६०००००० |
| १२. | **सुशासन तथा संस्थागत विकास** | **३३००००००** |
| क | राजस्व सुदृढीकरण | ३०००००० |
| ख | नगर प्रहरी तथा ट्राफिक व्यवस्थापन | ४०००००० |
| घ | सुचना तथा सञ्चार (मिडिया) | ६०००००० |
| ङ | सुचना तथा प्रविधि | ८०००००० |
| च | सुशासन तथा सेवा प्रवाह | ८०००००० |
| छ | कानुन तथा न्यायिक समिति | ४०००००० |
| १३ | **भौतिक पुर्वाधार** | **६५००००००** |
| क | शहरी विकास (घर नक्शा) | १६५००००० |
| ख | फोहोरपानी प्रशोधन केन्द्र | २६०००००० |
| ग | भूउपयोग, आवास तथा वस्ती विकास कार्यक्रम | २५००००० |
| घ | विद्युतीकरण कार्यक्रम | २०००००० |
| ङ | नगरस्तरिय योजना | ६४३१०१००० |
| | **जम्मा** | **३१११६३३०००** |
| १३ | संघीय र प्रदेश शशर्त अनुदान | ८७५७६७००० |
| १४ | सडक वोर्ड नेपाल | १५०००००० |
| १५ | युएनएपपिए | १६००००० |
| | **कूल जम्मा** | **४००४००००००** |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

## आ.व. २०८२/०८३ को कार्यक्रम तथा बजेट तर्जुमाका लागि मार्गदर्शनः-

(१) क्रमागत र अधुरा योजनाहरूलाई पूरा गर्न प्राथमिकता दिनुपर्ने।

(२) सोह्रौं पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्य, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम एवम् मार्गदर्शन, महानगरपालिकाको दीर्घकालीन सोच लगायतलाई आधार लिनुपर्ने।

(३) आय आर्जन हुने सिपमूलक कार्यक्रम बाहेक तालिम, गोष्ठी र अध्ययन-अवलोकन भ्रमणका लागि रकम विनियोजन नगर्ने।

(४) प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने।

(५) सङ्घीय र प्रदेश सरकारबाट विनियोजन भएको क्षेत्र वा कार्यक्रममा दोहोरो नपर्नेगरी कार्यक्रम छनोट गर्ने। यथाशक्य अन्य संघसंस्थासँग सहकार्य गर्ने किसिमका कार्यक्रम तय गर्ने।

(६) वडाहरूले सवारीसाधन खरिदमा रकम विनियोजन नगर्ने।

(७) आर्थिक र सामाजिक विकासका क्षेत्रका कार्यक्रम निर्धारण गर्दा तत्काल र प्रत्यक्ष उपलब्धी देखिने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने।

(८) वडाहरूले वडागत कुल बजेटको अधिकतम पच्चीस प्रतिशत नबढ्नेगरी मात्र प्रशासनिक तथा चालु खर्चतर्फको कार्यक्रमका लागि रकम विनियोजन गर्ने।

(९) वडाहरूले पूँजीगत खर्चतर्फ कम्तीमा दुई वटा नमुना योजना/कार्यक्रम छनोट गर्नुपर्ने।

(१०) कार्यालय सामग्री (मसलन्द), इन्धन, विविध खर्च, मर्मतसम्भार (सवारीसाधन तथा अन्य कार्यालय सामग्री मर्मत), बैठक भत्ता, सञ्चार, विद्युत तथा खानेपानी शुल्क समेतका लागि वडागत बजेट सीमामा रकम समावेश गरिएकोले उल्लिखित बमोजिमका लागि महानगरपालिकाबाट थप रकम उपलब्ध नहुने हुँदा अनिवार्य दायित्वको रुपमा उल्लिखित शीर्षकहरूमा वडाबाट रकम विनियोजन हुनुपर्ने।

(११) विषय क्षेत्रगत महाशाखा/शाखा तथा वडाहरूले कार्यक्रम निर्धारण गर्दा प्राथमिकताको आधारमा P1, P2 र P3 अन्तर्गतका योजना छुट्याउनुपर्ने र सोमा कुल बजेट सीमाको P1 मा ५०%, P2 मा २५% र P3 मा २५% रकम बराबरको कार्यक्रम निर्धारण गर्नुपर्ने।

(१२) वडास्तरीय कार्यक्रम तथा बजेटको हकमा वडा समितिको निर्णय र विषय क्षेत्रगत बजेटको हकमा विषय क्षेत्रगत समितिको निर्णय सहित २०८२ जेठ मसान्तभित्र बजेट तथा कार्यक्रम पेश गरिसक्नुपर्ने।

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश